## "उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई अनलाइन डाटा वितरण सम्बन्धी कार्यविधि, २०७७"

स्वीकृत मितिः२०७७।०६।०२

**प्रस्तावनाः**

कोभिड–१९ को महामारीको संकटबाट उच्च शिक्षा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुको समतामूलक पहुँच सम्बन्धमा उत्पन्न समस्या न्यूनीकरण गर्नका लागि उच्च शिक्षा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुलाई उत्पन्न संकटका सन्दर्भमा अनलाइन डाटा उपलब्ध गराई निरन्तर सिकाइमा सहयोग पुऱ्याउन आवश्यक भएकाले,

निर्देशक तथा समन्वय समितिले समिति गठन हुँदाका बखत दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरेको छ ।

### खण्ड एक
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** **(१)** यस कार्यविधिको नाम "उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई अनलाइन डाटा वितरण सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

(क) "अनलाइन डाटा" भन्नाले नेपालमा दूर सञ्चार सेवा प्रदायक संस्थाहरुबाट उपलब्ध गराउने अनलाइन डाटा भन्ने बुझ्नु पर्दछ ।

(ख) "आवेदक" भन्नाले मोबाइल डाटाका लागि आवेदन गर्ने सहभागी विद्यार्थीहरूलाई सम्झनु पर्दछ।

(ग) "आयोग" भन्नाले विश्व विद्यालय अनुदान आयोग सम्झनु पर्छ।

(घ) "केन्द्र" भन्नाले "शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(च) "विपन्न वर्ग" भन्नाले तोकिए बमोजिमको आर्थिक क्षमता भन्दा न्यून आर्थिक क्षमता भएको व्यक्ति सम्झनुपर्दछ।

(छ) "विद्यार्थी" भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रमले तोकेको मोबाइल डाटा प्राप्त गर्नका लागि आवेदन दिन र डाटा प्राप्त गर्न योग्य विद्यार्थी सम्झनु पर्दछ।

(ज) "विद्यार्थी वित्तीय सहयोग कार्यक्रम" भन्नाले आर्थिकरूपले विपन्न, पिछडिएका, जेहन्दार विद्यार्थीलाई माध्यमिक शिक्षा वा तोकिए बमोजिमको उच्च शिक्षा हासिल गर्न कार्यक्रम सम्झनुपर्छ।

(झ) "समन्वय तथा निर्देशन समिति" भन्नाले दिगो योजना को परिच्छेद २२.३.१ मा उल्लिखित समिति सम्झनु पर्दछ।

(ञ) "सहजीकरण तथा व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ६ को (१) अनुसार गठित समिति सम्झनु पर्दछ।

**३. उद्धेश्यहरु:** यस कार्यविधिका उद्धेश्यहरु देहायअनुसार छन् ।

(क) कोभिड–१९को महामारीबाट उत्पन्न भएको समस्याका कारण उच्च शिक्षा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुको समतामूलक पहुँचमा परेको समस्या न्यूनीकरण गर्नका लागि डाटा सहयोग पुऱ्याउन पि.एम.टी विधिबाट विद्यार्थी छनोट गर्नु ।

(ख) विपन्न वर्गका विद्यार्थीहरूलाई उच्च शिक्षामा समतामुलक पहुँच सुनिश्चित गरी अध्ययन निरन्तरतामा सघाउ पुऱ्याउनु ।

(ग) तोकिएको मापदण्डका आधारमा उच्च शिक्षाका आर्थिकरुपले विपन्नवर्गका विद्यार्थीहरूलाई अनलाइन अध्ययन गर्न डाटा उपलब्ध गराउनु ।

(घ) कार्यक्रम कार्यान्वयन सम्बद्धमा निकायहरुको भूमिका स्पष्ट गर्नु।

### खण्डः दुई
### आवेदकको योग्यता र छनौट प्रक्रिया

४. **आवेदकको योग्यता**: कार्यक्रममा सहभागी हुनका लागि आवेदन दिने विद्यार्थीहरुमा देहायअनुसारको योग्यता हुनु पर्नेछ ।

(क) सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा१२) नियमित रूपमा उत्तीर्ण गरी हाल स्नातक तहमा अध्ययन गरिरहेको विद्यार्थी हुनु पर्नेछ ।

(ख) विद्यार्थीहरूले अध्ययनका लागि नेपालको मोवाइल सेवा प्रदायक संस्थाबाट सिम लिएको हुनुपर्नेछ ।

(ग) विद्यार्थीहरूले डाटा चलाउन मिल्ने खालको मोवाइल सेट वा आइप्याडको व्यवस्था गर्न सक्ने हुनुपर्नेछ ।

(घ) नेपाली नागरिक हुनु पर्नेछ ।

५.**आवेदन माग तथा छनोट प्रकृया**: उच्च शिक्षा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुको आवेदन माग तथा छनौट गर्ने तरिका देहायअनुसार हुनेछ ।

(क) सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा१२) उत्तीर्णगरी हाल स्नातक तहमा अध्ययन गरिरहेका विपन्न विद्यार्थीहरूबाट अनुसूची -१ अनुसारको अनलाइन आवेदन माग गर्ने।

(ख) विद्यार्थीहरूलाई User name र Password उपलब्ध गराई अनलाइन आवेदन गर्न लगाउने ।

(ग) आवेदनहरुमध्ये पि.एम.टी पद्धति अपनाई विपन्न वर्गका विद्यार्थीहरूको छनोट गर्ने।

(घ) विद्यार्थी अध्ययनरत क्याम्पसहरूले विपन्नवर्गका विद्यार्थीहरू सम्बन्धित तहमा अध्ययन गरिरहेको प्रमाणित गरिदिने।

(ङ) प्राप्त हुन आएका आवेदनहरूको विपन्नताको सूची तयार गर्ने।

(च) विपन्नताको कुइन्टाइलगत प्राप्ताङ्क बमोजिम छनोट योग्यता सूची तयार गरिने।

(छ) छनोट योग्यता सूची बेबसाइट मार्फत सार्वजनिक रूपमा प्रकाशन गर्ने।

(ज) सम्बन्धित विद्यार्थीहरूको मोवाइलमा कार्यक्रम अवधिभर मासिकरूपमा इसेवामार्फत् डाटा खरीद गरी उपलब्ध गराउने ।

## खण्डः तीन
## सहजीकरण तथा डाटा वितरण

६. **सहजीकरण तथा व्यवस्थापन**: (१) कार्यक्रममा समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहाय बमोजिमको सहजीकरण तथा व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | उपमहानिर्देशक (समावेशी शिक्षा हेर्ने), शिक्षा तथा मानव स्रोत विकास केन्द्र | संयोजक |
| (ख) | शाखा प्रमुख–आर्थिक प्रशासन शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| (ग) | शाखा प्रमुख–समावेशी शिक्षा शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| (घ) | शाखा प्रमुख–योजना तथा अनुगमन शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |

(२) उपदफा (१) अनुसारको समितिको सचिवका रुपमा केन्द्रको विपन्न लक्षित छात्रवृत्ति हेर्ने अधिकृत रहनेछ ।

(३) समितिको बैठक तथा कामकारबाहीमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ तथा कर्मचारीहरूलाई आमन्त्रण गरिनेछ।

(४) बैठकको खाजा लगायतका व्यवस्था प्रचलित व्यवस्था अनुसार हुनेछ ।

७. **सहजीकरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**: यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य, अधिकारको अतिरिक्त सहजीकरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आवेदन माग गर्ने,

(ख) आवेदन दिएका विद्यार्थीहरूको छनोट गरी डाटा उपलब्ध गराउन सिफारिस गर्ने,

(ग) विभिन्न निकायहरूसँग समन्वय कायम गर्ने,

(घ) कार्यविधि अनुसारका कार्यहरुका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

## खण्डःचार
## विविध

८. **सम्झौता रद्द हुने**: यस कार्यक्रमबाट लाभान्वित हुने गलत मनसायले झुटा विवरण पेश गरेमा वा यस्तो व्यहोरा सिफारिश गरेको पाइएमा निजसँग संझौता भइसकेको रहेछ भने त्यस्तो संझौता जुनसुकै बखत रद्द गर्न सकिनेछ।

९. **सहयोग गर्नुपर्ने**: (१) कार्यविधि बमोजिम काममा आवश्यक सहयोग गर्नु प्रदेश, स्थानीय तह, मन्त्रालय, विश्वविद्यालय, आयोग, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको कर्तव्य हुनेछ।

(२) सबै विश्वविद्यालयहरूले आफ्ना क्याम्पसहरूलाई कार्यक्रमका बारेमा र अनलाइन आवेदन पेश गरेका विद्यार्थीहरूको विवरण अनलाइन मार्फत रूजू गर्नु पर्ने कुरा जानकारी गराई सहयोग गर्नुपर्नेछ ।

**१०. <u>व्याख्या तथा बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था</u>:**(१) कार्यविधिमा व्याख्या नभएका कार्यहरु सहजीकरण तथा व्यवस्थापन समितिले व्याख्या गर्न सक्नेछ।

(२) यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा व्दिविधा भएमा सहजीकरण तथा व्यवस्थापन समितिले कार्यविधिको मर्ममा फरक नपर्ने गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**११. <u>संशोधन तथा परिमार्जनः</u>** निर्देशक तथा समन्वय समितिले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्ने छ ।

<u>अनुसूची १</u>

(कार्यविधिको दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

नेपाल सरकार,

शिक्षा तथा मानव श्रोत विकास केन्द

विद्यार्थी वित्तीय सहयोग कार्यक्रम

उच्च शिक्षामा अनलाइन अध्ययनका लागि मोबाइल डेटा प्राप्त गर्न भर्नुपर्ने दरखास्त फाराम

**१विद्यार्थीको रजिष्ट्रेशन नं**
**२ विद्यार्थीको नाम** **३= लिङ्ग** **४= जन्ममिति**
**५= प्रदेश** **६= जिल्ला** **७= विद्यालयको नाम**
**८. अविभावकको नाम** **९. मोवाइल नं (अनलाइन अध्ययनमा प्रयोग हुने)**
**१०. स्थायी ठेगाना** (क)प्रदेशको नाम: (ख) जिल्लाको नाम:
(ग)स्थानीय तहको नाम: (घ)वडा नं:
**११.जाति/जनजातिः**
**१२.शारीरिक सक्षमताः**
**१३.शहिद परिवार वा द्वन्द पीडित भए उल्लिखित परिचय पत्र नं**

*ात्र क्याम्पसले अनलाइन भरीदिने*

१४. हाल आफु अध्ययनरत क्याम्पसको विवरण
(क) विश्व विद्यालय (ख)प्रदेश (ग)जिल्ला
(घ)क्याम्पसको नाम (ङ) शैक्षिकस्तर (च)शैक्षिक कार्यतालिका (छ)शैक्षिक सत्र (ज) संकाय

| **१५. खानपानीको मुख्य स्रोत** | **१६. पारिवारिक संख्या** | **२०.विद्यार्थीको मुलीले हासिल गरेको शिक्षा** |
|---|---|---|
| १. खोला/इनार/कुवा/मूल□,<br>२. घर बाहिर पाइपबाट आउने□,<br>३.घर आँगन भित्रै पाइपबाट आउने□,<br>४. टयुबवेल/हातेपम्प□<br>५. ढाकिएको इनार□,<br>६. अन्यस्रोत | **१७. निजिमा अध्ययनगर्न दिदबहिनीको संख्या□□**<br>**१८.** उच्च शिक्षा अध्ययनरत दिदि बहिनिको संख्या □□<br>**१९.** अन्य कुनै छात्रवृत्ति पाएको छ □ छैन □ | १.अनपढ/निरक्षर□<br>२.प्रावितातह भन्दा कम□<br>३.एसएलसी भन्दा कम□<br>४.एसएलसी उत्तीर्ण□<br>५.प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण □<br>६.स्नातक वा माथिल्लो तह उत्तीर्ण□ |

| **२१.घरकोबाहिरीगाह्रोमाप्रयोगभएकोप्रमुखनिर्माणसामग्री** | **२२.घरकोजग** | **२३.छानामाप्रयोगभएकोनिर्माणसामग्री** |
|---|---|---|
| १.बाहिरी भित्ता नभएको □<br>२.काँचो ईँटा□<br>३.बाँस/स्याउला □<br>४.माटोको जोडाइ भएको ईँटाढुङ्गा □<br>५.काठ □<br>६.सिमेन्टको जोडाइ भएको ईँटाढुङ्गा वा अन्य □ | १.काठको खम्बा□<br>२.माटोको जोडाइ भएको□<br>३.सिमेन्टको जोडाइ भएको□<br>४.ढलान पिलर सहितको □<br>५.अन्य □ | १.खर/पराल/छ्वाली □<br>२.माटो □<br>३.काठ/फ्ल्याक □<br>४.ढलान सिमेन्ट□<br>५.टायल वा खपडा वा झिगटी/ढुङ्गा □<br>६.जस्ता/टिन/च्यादर वा अन्य □ |

| **२४.चर्पी** | **२५.प्रकाशकोव्यवस्था** | **२६.खाना पकाउन प्रयोग गरिएको चुलो** |
|---|---|---|
| १.चर्पी नभएको<br>२.सामुदायिक सार्वजनिक चर्पी<br>३.साधारण घरायसी चर्पी<br>४.फ्लसभएको चर्पी (सार्वजनिक ढलमा जोडिएको)<br>५.फ्लस भएको चर्पी (सेप्टिक ट्याङ्कमा जोडिएको) | १.गोबर ग्याँस<br>२.मट्टीतेल<br>३.बिजुली<br>४.सोलार<br>५.अन्य | १.स्टोभचुलो– मट्टीतेल)<br>२.अगेना<br>३.ग्याँसचुलो<br>४.माटोको चुलो<br>५.धुवाँ रहित सुधारिएको<br>६. अन्य |

| **२७.संचारको साधन** | **२८.विगत एकवर्ष भत्रतपाईको परिवारले वैदेशिक रोजगारीबाट रकम पाएको छ -** | **२९. स्थायी ठेगाना बाट स्वास्थ्य चौकी सम्म जान लाग्ने समय** |
|---|---|---|
| १.तारफोन<br>२ केवल<br>३ इन्टरनेट सेवा | १ पाएकोछ<br>२ पाएको छैन | १ आधा घन्टा वा सो भन्दाकम<br>२ आधा घन्टा भन्दा बढी |

**विद्यार्थीहरूलाई जानकारीः**

अनलाइन अध्ययनका लागि विद्यार्थी वित्तीय सहयोग कार्यक्रमले निर्धारण गरेकाशर्त सुविधामलाई मान्य हुनेछ । मैले माथि भरेका सम्पूर्ण विवरणहरू सत्य छन् र झुटा ठहरे कानुनबमोजिम सहने बुझाउनेछु ।